मिति- २०८१/०६/०८

# अपिल

कृषि तथा वन विज्ञान विश्वविद्यालयको छात्रावास परिसरमा मिति २०८१/०५/१३ मा विद्यार्थीहरु विच भएको झडपमा परि केहि बिद्यार्थीहरु घाइते भए पश्चात सिर्जित असामान्य परिस्थितिका कारण विश्वविद्यालयको पठनपाठन लगायत सम्पूर्ण कार्यालय बन्द रहेको विषय प्रति विश्वविद्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त झडपमा परि घाइते हुनुभएका सम्पूर्ण विधार्थीहरुको शिघ्र तथा पूर्ण स्वास्थ्यलाभको कामनाका साथै घाइतेहरुको औषधोउपचारमा विश्वविद्यालयले सक्दो सहयोग गर्ने कार्यकारी परिषदले निर्णय गरिसकेको व्यहोरा जानकारी गराउदै उक्त कार्यमा वि.वि.को तर्फबाट हर सम्भव सहयोग रहने प्रतिवद्धता जाहेर गर्दछ । उक्त घटनाको छानबिनका लागि गठित समितीको सुझावका साथै यस घटनाका सम्बन्धमा निकट भविष्यमा उच्च निकायबाट गठन हुने उच्चस्तरीय छानबिन समितिको सिफारिशका आधारमा जो कोहि दोषी उपर विश्वविद्यालयको नियमानुसार कारवाहीको प्रक्रिया अघि बढाईनुका साथै UG पुरुष छात्रावासहरु प्राविधिक चेकजाच र मर्मत सम्भार एव प्रभावकारी व्यवस्थान पश्चातमात्र संचालन हुने बारेमा सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराउदै विश्वविद्यालयमा शान्ति सुरक्षा कायम गरि सम्पूर्ण कार्यक्रम यथाशक्य छिटो नियमित गराउन आ-आफ्नो तवरबाट सहयोगका लागि विश्वविद्यालय प्रशासन हार्दिक अपिल गर्दछ ।

रजिस्ट्रार

रजिस्ट्रार